**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भाजपा नेता सुभेन्दु अधिकारी बने पश्चिम बंगालको नयाँ मुख्यमंत्री कोलकाताको ब्रिगेड मैदानमा आज आयोजित भव्य शपथग्रहण समारोहमा प्रधानमंत्री नरेन्द्र मोदीको उपस्थितिमा  राज्यपाल आरएन रविले सुभेन्दु अधिकारीलाई पद अनि गोपनीयताको शपथ दिलाउनु भयो।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज शुभेन्दु अधिकारीलाई पश्चिम बंगालको मुख्यमन्त्री बनेकोमा बधाई दिनु भएको छ।
- गुरूदेव रबींद्रनाथ ठाकुरको १६५ औ जयंती मङ्पूको रवीन्द्र संग्रहालय लगायत पहाडको अन्य क्षेत्रमा पनि भव्यताका साथ पालन गरियो।
- खरसाङकी वरिष्ठ स्रष्टा एंव आकाशवाणी खरसाङकी पूर्व उदघोषिका छिमी ओङ्गु लामालाई साहित्यमा मानार्थ डाक्टरेटको उपाधिले सम्मानित गरिएको छ।
- गोर्खा राष्ट्रिय मुक्ति मोर्चा मिरिक ब्रान्च कमिटीको आयोजनामा आज सौरेनी स्थित हल्लनेमा संसारी माईको पूजा अर्चना सम्पन्न गरियो।

**सुभेन्दु अधिकारी शपथ ग्रहण**

भारतीय जनता पार्टीका नेता सुभेन्दु अधिकारी बने पश्चिम बंगालको नयाँ मुख्यमंत्री। कोलकाताको ब्रिगेड मैदानमा आयोजित भव्य शपथग्रहण समारोहमा प्रधानमंत्री नरेन्द्र मोदीको उपस्थितिमा राज्यपाल एनआर रविले सुभेन्दु अधिकारीलाई पद अनि गोपनीयताको शपथ दिलाउनु भयो। सुभेन्दु अधिकारीका साथ अन्य पाँच जनाले शपथग्रहण गरे। सुभेन्दु अधिकारी पछि दिलिप घोषलाई शपथ दिलाईयो। त्यसपछि क्रमशः श्रीमति अग्निपाल मित्रा, श्री अशोक किर्तनीया, श्री क्षुदीराम टुडू र नीतीश प्रमाणिकलाई शपथ दिलाईयो। पछि मंत्रीमण्डलमा अन्यमंत्रीहरूलाई सामेल गरिनेछ। सुन्नु होस हाम्रा सम्वाददाता अशोक चौरसियाको एक रिपोर्ट-

*Byte*

**पश्चिम बंगाल मुख्यमंत्री**

शपथ ग्रहण पछि संवाददाताहरुसित बातचीत गर्दै मुख्यमंत्री शुभेंदु अधिकारीले भन्नुभयो डॉ श्यामा प्रसाद मुखर्जीको आदर्शहरुमा आधारित राजनीतिक दललाई कुनै प्रमाणको आवश्यकता पर्दैन। उहाँले भन्नुभयो जुन मानिसहरुले अझ पनि नतीजाहरुमा चर्चा गरिरहेका छन्, उनीहरुले विवेकले काम गर्नु पर्नेछ। उहाँले भन्नुभयो पश्चिम बंगालमा शिक्षा अनि संस्कतिमा भएको भारी नोकसानबाट निकाल्ने जिम्मेवारी भाजपा माथि छ।

**प्रधानमन्त्री पश्चिम बंगाल मुख्यमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज शुभेन्दु अधिकारीलाई पश्चिम बंगालको मुख्यमन्त्री बनेकोमा बधाई दिनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले भन्नुभयो, श्री अधिकारीले आफूलाई जनतासँग गहिरो रूपमा जोडेको अनि जनताको आकांक्षालाई नजिकबाट बुझ्ने नेताको रूपमा स्थापित गर्नुभएको छ। प्रधानमन्त्रीले श्री अधिकारीलाई आगामी कार्यकालमा सफल कार्यकालको कामना गर्नुभयो। प्रधानमन्त्रीले मन्त्रीको रूपमा शपथ लिएकोमा दिलीप घोष, अग्निमित्र पल, अशोक कीर्तनिया, खुदिराम टुडु र निशीथ प्रामाणिकलाई पनि बधाई दिनु भयो। उहाँले भन्नुभयो यी नेताहरूले तल्लो तहमा अथक परिश्रम गरेका छन् र जनताको सेवा गरेका छन्। श्री मोदीले मन्त्रीको रूपमा उनीहरूले पश्चिम बंगालको विकासको मार्गलाई अझ बलियो बनाउनेमा विश्वास व्यक्त गर्नुभयो।

**मुख्यमन्त्री बैठक**

मुख्यमंत्रीको शपथ लिन साथ सुभेन्दु अधिकारी एक्सन मोडमा देखिन थालेका छन्। शपथ लिए पछि पहिलो काम शीर्ष पुलिस अधिकारीहरूसित बैठक गरी वर्तमान कानून व्यवस्थाको जानकारी लिनु भयो। बैठकमा शीर्ष पुलिस अधिकारीहरूसित राज्यमा शान्ति र कानून व्यवस्था बनाई राख्न आवश्यक सबै उपायहरू गर्ने निर्देश दिनु भयो। *हिन्सा अराजकता विरूद्ध कडा कारवाही गर्न पनि भन्नु भयो। भाजपाले बदला होइन बदलावको दिशामा कदम चालेको छ। स्मरण रहोस आजको शपथग्रहण समारोहमा भाजपाका बरिष्ठ नेता तथा रक्षामंत्री राजनाथ सिंह र राष्ट्रीय अध्यक्ष नितिन नविन विशेष रूपमा उपस्थित थिए। शपथग्रहण समकरोहमा टीएमसी नेतृ तथा पूर्व मुख्यमंत्री ममता ब्यानर्जीलाई निमंत्रण गरिएको थियो तर उहाँ अथवा पार्टीका शीर्ष नेतृत्व उपस्थित थिए न। दार्जिलिंगका सांसद दुवै हर्षवर्धन श्रृंगला र राजु बिष्ट सहित दार्जिलिंग पहाडबाट एक सय भन्दा बढी पार्टी कार्यकर्ताहरू र गठबन्धनका नेताहरू उपस्थित थिए।*

**सांसद बिष्ट**

शपथ ग्रहण समारोहपछि दार्जीलिङ लोकसभा सांसद राजु बिष्टले प्रतिक्रिया दिदै प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्व अनि बंगालप्रतिको स्नेहले आजको दिन संभव बनेको बताउनु भयो। उहाँले राज्यका सबै जनतालाई बधाई दिदै मुख्यमन्त्री सुभेन्दु अधिकारीले बिगतदेखि टिएमसीको अराजकतासित लडेको बताउनु भयो। उहाँले मुख्यमन्त्री अधिकारीको नेतृत्वमा बंगालमा नयाँ अध्याय शुरु हुने बिश्वास व्यक्त गर्नुभयो।

**दिलीप घोष**

स्वतन्त्रता पछि पहिलो पल्ट राज्यको सत्तामा भारतीय जनता पार्टी आएको छ। तृणमूल कांग्रेसको १५ साल लामो शासनको अन्त्य भएको छ। यस ऐतिहासिक क्षणमा भाजपा नेता दिलीप घोषले भन्नुभयो श्यामाप्रसाद मुखर्जीको सपना पूरा भएको छ। आज पत्रकारहरुसित बातचीत गर्दै दिलीप घोषले भन्नुभयो हामीले लामो समय सम्म संघर्ष गर्यौं अनि अन्त्यमा जनताले बदलावको पक्षमा भोट दिए। श्यामाप्रसाद मुखर्जीको सपना पूरा भएको छ। तृणमूल कांग्रेस अनि कांग्रेसलाई जनताले नकारेको छ किनभने उनीहरुले आफ्नो सत्ताको दुरुपयोग गरी जनतामाथि अत्याचार गरे। जनताले उनीहरुलाई  कडा जवाब दिदै भारतीय जनता पार्टीलाई चुने।

**रबींद्रनाथ जयंती**

आज गुरूदेव रबींद्रनाथ ठाकुरको १६५ औ जयंती हो। यस अवसरमा बिहानदेखि नै स्कूलहरु अनि सांस्कृतिक संगठनहरुले प्रभात फेरी जुलूस निकाले। दिनको शुरूआत शांतिनिकेतनको गौर प्रांगणमा बैतालिक गीतहरुको साथ भयो। यस अवधि विश्व स्तरमा सांस्कृतिक कार्यक्रम आयोजित गरिंदै छ। उपराष्ट्रपति सी पी राधाकृष्णनए प्रधानमंत्री नरेंद्र मोदीए रक्षा मंत्री राजनाथ सिंह अनि गृह मंत्री अमित शाहले पोचीशे बोइशाखको अवसरमा गुरुदेव रबींद्रनाथ टैगोरलाई श्रद्धांजलि अर्पित गरे। सोशल मीडिया पोस्टमा उपराष्ट्रपतिले गुरुदेवलाई एक अग्रणी विचारकए कलाकार अनि शिक्षाविद बताउनु भयो जसको रचनाहरुमा भारतीय सभ्यताको समृद्धि अनि मानवताको सार्वभौमिक मूल्यहरुको झलक पाइन्छ।

**कविगुरु रवीन्द्रनाथ ठाकुर जयन्ती**

विश्वकवि रविन्द्रनाथ ठाकुरको १६५ औं जन्मजयन्ती आज रवीन्द्र संग्रहालय मङ्पूमा भव्यताका साथ पालन गरियो। कार्यक्रमको शुरुवात अतिथिहरुद्वारा कवि ठाकुरको शालिगमा माल्यार्पण गरेर गरिएको थियो। कार्यक्रममा कवि ठाकुरको विभिन्न कविताएगीतहरुको वाचन साथै रंगारंग कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रमको अध्यक्षता विदूर कार्कीले गर्नुभएको थियो। कार्यक्रममा मुख्य अतिथि अतिरिक्त जिल्लापाल अनिर्वान चटर्जी एसहायक श्रमायुक्त अपूर्व रोय, अतिरिक्त सूचना अधिकारी जीना राई तामाङ, रविन्द्र संग्राहलयका प्रमुख लगायत वरिष्ठ व्यक्तिहरुका साथै लाब्धा निम्न उच्च माध्यमिक विद्यालय अगमसिंह गिरी निम्न उच्च माध्यमिक विद्यालय, सन्त एन्थोनी विद्यालय साथै मंगपू वरिपरि क्षेत्रका विद्यालयका विद्यार्थीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा सिलिगुडी अनि कलकत्ताबाट आएका कलाकारहरुद्वारा रवीन्द्र संगीत प्रस्तुत गरी समापन गरिएको थियो।

यसैगरी खरसाङ महकुमा सूचना अनि सांस्कृतिक विभागले नोबेल पुरस्कार विजेता रवीन्द्रनाथ टैगोरको जन्म जयन्ती मनाउन सूचना अनि सांस्कृति विभागको आयोजनामा आज एक गहन र जीवन्त ष्कवि प्रणामष कार्यक्रम आयोजना गऱ्यो। पश्चिम बंगाल सरकार अन्तर्गत सूचना अनि सांस्कृतिक विभागद्वारा आयोजित यस कार्यक्रम खरसाङको राज राजेश्वरी बालिका उच्च विद्यालयका शिक्षक र विद्यार्थीहरूले हार्दिक श्रद्धाञ्जली अर्पण गरेका थिए। सहभागीहरूले रवीन्द्र संगीतको भावपूर्ण धुन र सुन्दर नृत्य प्रस्तुति दिएका थिए जसले टैगोरको कलात्मक विरासतको कालातीत सारलाई प्रतिकात्मक रुपमा देखाइएको छ।

**मुख्यमन्त्री विश्वकविलाई श्रद्धांजलि**

मुख्यमंत्री शुभेंदु अधिकारीले शपथ ग्रहण पछि कोलकाता स्थित जोड़ासांको ठाकुरबाड़ी पुगी आफ्नो पहिलो आधिकारिक सार्वजनिक उपस्थिति दर्ता गराउनु भयो। २५ वैशाख अर्थात महान कवि रवीन्द्रनाथ ठाकुरको जयंतीको अवसरमा उहाँले ठाकुरबाड़ी पुगी विश्वकविलाई श्रद्धांजलि अर्पित गर्नुभयो। यस अवधि उहाँले कविगुरु प्रति सम्मान प्रकट गर्नुभयो। राजनीतिक विश्लेषकहरु अनुसार नवगठित मुख्यमंत्रीको यो पहिलो सार्वजनिक कार्यक्रम अत्यंत प्रतीकात्मक अनि महत्वपूर्ण मानिएको छ।

**कोलकाता पुलिस**

राज्यमा सत्ता परिवर्तन भए लगतै कोलकाता पुलिसले ममता ब्यनर्जी अनि अभिषेक बनर्जीलाई एक्समा अनफॉलो गरेको छ भने अब प्रधानमन्त्री नरेन्द्र मोदी अनि गृहमन्त्री अमित शाहलाई फलो गरेको थाहा लागेको छ।

**छिमी ओङ्मु लामा डाक्टरेट उपाधि**

खरसाङकी वरिष्ठ स्रष्टा एंव आकाशवाणी खरसाङकी पूर्व उदघोषिका छिमी ओङ्मु लामालाई साहित्यमा मानार्थ डाक्टरेटको उपाधिले सम्मानित गरिएको छ। दक्षिण सिक्किमको नाम्चीमा रहेको डिभाइन थियोलोजिकल ओपेन युनिभर्सिटीको नवौं दीक्षान्त समारोहमा उनलाई उक्त मानार्थ डाक्टरेटको उपाधिले सम्मान जनाइएको छ। यस अवसरमा उहाँलाई डिभाइन थियोलोजिकल ओपेन युनिभर्सिटीको कूलपति डा एमके राईको बाहुलीबाट उक्त मानार्थ डाक्टरेटको उपाधिले सम्मानित गरिएको हो। उहाँसितै साहित्यमा सिलगढीका मुक्तिप्रसाद उपाद्यय, सम्पादक वीरभद्र कार्कीढोलीलाई अनि नाम्ची निवासी अनु नैवेद्य राईलाई पनि शिक्षामा मानार्थ डाक्टरेटको उपाधिले सम्मानित गरिएको छ। साहित्यमा मानार्थ डाक्टरेटको उपाधिले सम्मानित भएपछि छिमी ओङ्मु लामाले यस अवसरको लागि डिभाइन थियोलोजिकल ओपेन युनिभर्सिटीको कूलपति डा एमके राई लगायत टिमलाई नै धन्यवाद दिएकी छन्। यस डिभाइन थियोलोजिकल ओपेन युनिभर्सिटीको नवौं दीक्षान्त समारोहमा प्रमुख अतिथिको रुपमा सिक्किम सरकारको शहरी विकास तथा खाद्य आपूर्ति विभागका मन्त्री भोजराज राई उपस्थित रहेका थिए। कार्यक्रमलाई युनिभर्सिटीको प्राचार्य डा रजनी राईले सञ्चालन गरेका थिए भने स्वागत सम्भाषण डा हेमराज सुब्बाले राखेका थिए।

**मिरिक आगलागी**

मिरिक महकुमा अन्तर्गत घैयाबारी मन्दिर गाउँस्थित विनोद छेत्रीको घरमा आज दिउँसो आगलागी भएको छ। घरमा कोही नभएको बेला आगो लागेको बताइएको छ भने स्थानीय गाउँ बासी अनि मिरिक अग्नी विभाग दमकल घटना स्थलमा सहयोगमा आगोलाई नियन्त्रण गरिएको छ।

**हल्लनेमा संसारी माई पूजा सम्पन्न**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा मिरिक ब्रान्च कमिटीको आयोजनामा आज सौरैनी समष्टिस्थित हल्लनेमा रहेको शिला ढुंगामा संसारी माईको पूजा अर्चना सम्पन्न गरियो। पूजा अवधि मिरिक ब्रान्च कमिटीका अध्यक्ष महेन्द्र खड्काले देवीस्थानमा मुल बत्ती बाल्ने शिलामा दुध चढाए। स्मरण रहोस यस स्थानमा गोर्खा राष्ट्रिय मुक्ति मोर्चा संस्थापक अध्यक्ष सुवास घिसिङले ९० को दशकमा आरम्भ गरेको संसारी पूजाको परम्परागत शैली अनुसार आज

पनि कार्यक्रम सम्पन्न गरिएको ब्रान्च कमिटीका अध्यक्ष महेन्द्र खड्काले जनाए। यसैगरी आजको यस कार्यक्रममा मिरिक ब्रान्च अन्तर्गत तराई, सौरेनी, मिरिक र डुप्टिन समष्टिका पदाधिकारीहरु उपस्थित थिए भने ब्रान्च कमिटीका पदाधिकारीहरु र सदस्यहरू पनि उपस्थित थिए। साथै सम्पूर्ण भातृ संगठनका प्रतिनिधिहरू उपस्थित थिए।

**********